
# मिडिया अनुगमनको वार्षिक अध्ययन प्रतिवेदन, २०२५

## बडी एण्ड डेटा



Body & Data

# विषयसूची


| | | | |
|---|---|---|---|
| **1** | **नेपाली सञ्चार माध्यममा डिजिटल अधिकारको अवस्थाको समिक्षा** | | **3** |
| **2** | **उद्देश्यहरू** | | **5** |
| **3** | **अध्ययन पद्धति** | | **6** |
| **4** | **विषयगत अवलोकन** | | **8** |
| | 4.1 | पहिचान चोरी, गोपनीयता उल्लङ्घन, र डिजिटल प्रणालीहरूको शोषण | **9** |
| | 4.1.1 | राष्ट्रिय परिचयपत्र र डाटा गोपनीयताको जोखिम | **10** |
| | 4.1.2 | नेपालमा देखिएको ह्याकिङ र डिजिटल असुरक्षाको वृद्धि | **13** |
| | 4.2 | वित्तीय ठगी, अनलाइन घोटाला, र अवैध डिजिटल गतिविधि | **12** |
| | 4.2.1 | संगठित अनलाइन घोटाला र वित्तीय ठगी | **14** |
| | 4.2.3 | अवैध अनलाइन जुवा र सट्टेबाजी | **15** |
| | 4.3 | प्रविधि मार्फत हुने लैंङ्गिक हिंसा | **15** |
| | 4.3.1 | विछोडपछिको दुर्व्यवहारमा देखिने अनलाइन–अफलाइन निरन्तरता | **15** |
| | 4.3.2 | अन्तर्विभाज्य पहिचान र अनलाइन हिंसा | **17** |
| | 4.3.3 | स्त्रीद्वेषी धम्की, संस्थागत विश्वासघात र पीडितमाथि नियन्त्रणात्मक निगरानी | **18** |
| | 4.4 | संकटमा अभिव्यक्ति स्वतन्त्रता | **18** |
| | 4.4.1 | सामाजिक सञ्जाल माथिको नियन्त्रण: दमनकारी र अलोकतान्त्रिक कदम | **20** |
| | 4.4.1 | संकटमा प्रेस र रचनात्मक स्वतन्त्रता | **21** |
| | 4.4.1 | अनलाइन तथा राजनीतिक अभिव्यक्ति र संस्थागत नियमन | **22** |
| | 4.5 | डिजिटल शासन र डिजिटल पूर्वाधार | **22** |
| | 4.5.1 | डिजिटल शासनमा देखिएका नीतिगत महत्वाकांक्षा र नियामक कमजोरी | **23** |
| | 4.5.2 | डिजिटल पूर्वाधारका लागि न्यून बजेट विनियोजन | **23** |
| | 4.5.3 | नेपालमा एआई: अवसर र जोखिमहरू | |
| | 4.6 | मिथ्या सूचना, दुष्प्रचार, र एआईको अनैतिक प्रयोग | **24** |
| | 4.6.1 | जेन-जेड आन्दोलनपछि मिथ्या सूचना र दुष्प्रचारको वृद्धि | **24** |
| | 4.6.2 | एआईको अनैतिक प्रयोग | **25** |
| **5** | **सुझावहरू** | | **26** |
| **6** | **निष्कर्ष** | | **28** |
| **7** | **सन्दर्भ** | | **30** |

# १

# नेपाली सञ्चार माध्यममा डिजिटल अधिकारको अवस्थाको समिक्षा

बडि एन्ड डाटाले सन् २०२१ बाट नेपाली सञ्चारमाध्यममा वर्षभरिमा डिजिटल अधिकारसँग सम्बन्धित कस्ता विषय, सामग्री, घट्ना वा प्रवृत्तिलाई प्राथमिकता दिइन्छ भन्ने विश्लेषण गर्ने र त्यसबारे बहस सिर्जना गर्ने उद्देश्यका साथ वार्षिक रूपमा मिडिया अनुगमनको प्रतिवेदन तयार गर्न सुरू गरेको थियो । यो सुरूवातको अर्को उद्देश्य प्रविधि र इन्टरनेटको सन्दर्भमा देखा पर्ने हाम्रा डिजिटल अधिकारहरू कसरी मानव अधिकारको विषयसँग सम्बन्धित छन् भन्ने बुझ्नु पनि रहेको थियो । डिजिटल अधिकार र डिजिटल क्षेत्रमा विशेषगरि लैङ्गिकता, यौनिकता र सामाजिक पहिचानका आधारमा पछि पारिएका सीमान्तकृत व्यक्तिहरूसँग सम्बन्धित भई समावेशिताको अवस्था कस्तो छ भन्ने बुझ्नुमा पनि मिडिया अनुगमनको विशेष भूमिका छ ।

सन् २०२५ मा हामीले नेपालको डिजिटल क्षेत्रमा विगतका वर्षहरूको तुलनामा विभिन्न गतिविधिहरूमा उल्लेखनिय रूपमा वृद्धि भएको पाएका छौं । यस वर्ष नेपालमा नयाँ र विगतमा नदेखिएका असामान्य किसिमका डिजिटल जोखिमहरू देखा परेका छन्, जसले अनलाइन माध्यमबाट हुने हानीको प्रकृति र दायरामा परिवर्तन भएको देखाउँछ । यो वर्ष नियमन, संरक्षण र नियन्त्रणको बीचमा देखिएको अन्योलताका कारण डिजिटल क्षेत्रमा सरकारी पक्षबाट पनि व्यापक हस्तक्षेप भएको छ । साथै, धेरै घट्नाहरूले कसरी सीमान्तकृत समुदाय डिजिटल दुनियाँमा सबैभन्दा धेरै जोखिममा रहेको छ भन्ने पनि देखाएको छ । सरकारी र नीजि दुवै पक्षबाट डिजिटल प्रविधि र सेवासँग सम्बन्धित विभिन्न सुरूवातहरू भएतापनि यी पहलहरूमा प्राय: समावेशिता, पारदर्शिता र जवाफदेहिताको कमि रहेको देखिएको छ । परिणामस्वरूप, गोपनियताको उल्लङ्घन, डाटा चुहावट, पहिचान चोरी, अनलाइन ठगी, एआईको अनैतिक प्रयोग, ह्याकिङ, प्रविधिमार्फत हुने हिंसा र साइबर अपराधका घट्नाहरू यो वर्ष निरन्तर बढ्दै गएको देखिएको छ ।

सन् २०२५ मा नेपालमा अभिव्यक्ति स्वतन्त्रता र सरकारले आम जनतामाथि निगरानीका लागि उठाइएका कदमहरू बीच ठुलो द्वन्द्व पनि देखिएको छ । सामाजिक सञ्जालमाथिको प्रतिवन्ध, पटक पटक भएको सेन्सरसिपको प्रयास र प्रस्तावित सामाजिक सञ्जाल विधेयक लगायतका सरकारले चालेका नियन्त्रणात्मक कदमहरूले सामाजिक वृत्तमा डिजिटल अधिकार र अभिव्यक्ति स्वतन्त्रताको विषयमा ठूलो बहस सिर्जना गरेको थियो । सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धले, नेपालमा भ्रष्टाचार र सरकारको असफलता विरुद्धमा भएको जेन जेड आन्दोलनमा थप इट्टा थप्ने प्रमुख कारण बनेको थियो । यसले डिजिटल अधिकारलाई नागरिक सरोकारका विषयको स्वरूपमा परिवर्तन गरेको छ । यस वर्ष अनलाइन माध्यममा हुने अभिव्यक्ति, सूचनामाथिको हक र सरकारको जवाफदेहिता माथि दबाब सिर्जना गर्दै डिजिटल अधिकारको वकालतका लागि पर्याप्त गतिशिलता प्राप्त भएको थियो । साथै, संवेदनशिल समयमा राष्ट्रिय र अन्तराष्ट्रिय सञ्चारमाध्यमहरूले फैलाएका मिथ्या तथा भ्रामक सूचनाले मिडिया परिदृश्यमा पनि नैतिक प्रश्नहरू खडा गरे ।

त्यसका साथै, यस वर्ष व्यक्तिगत सम्बन्धका बीचमा सहमति बिना लिइएका तस्विरहरूको प्रयोग गर्दै महिलाहरूलाई लक्षित गरि भएका दुर्व्यवहार र नाबालिगहरूसँग झुट्टो कुराकानी र ललाई फकाईका आधारमा सम्बन्ध स्थापित गरि खिचिएका तस्विरहरलाई हतियार बनाएर उनीहरूलाई ब्ल्याकमेल गरिएका घट्नाहरूमा पनि वृद्धि भएको थियो ।

एकातिर, सामाजिक सञ्जालका माध्यमहरूमा सीमान्तकृत समुदायले बढ्दो रूपमा डिजिटल जोखिमहरू भोगेका घट्नाहरूमा वृद्धि भएको थियो भने अर्कातिर आफ्नो अभिव्यक्ति अनलाइन माध्यममा राख्ने महिलाहरूले शत्रुता, उत्पिडन र साइबर आक्रमणको सामना गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । दुवैको परिणामस्वरूप फराकिलो रूपमा विभेद र मनोवैज्ञानिक तनावमा पनि भारी वृद्धि भएको भेटियो ।

वर्षभरि आएका मिडियामा प्रकाशित सामग्रीहरूमा उल्लेख्य संख्यामा फेसबुक र ह्वाट्सएपमार्फत भएका रोजगारीसम्बन्धी ठगी, फिसिङ र आर्थिक ठगीजस्ता घट्नाहरू पनि रहेका छन् । यस्ता ठगीका घट्नाहरू चर्चित सार्वजनिक व्यक्तित्वको परिचयको दुरूपयोग गर्दै भएको थियो र यसमा मुख्य गरि प्रणालीगत रूपमा सीमान्तकृत पारिएका समुदायका व्यक्तिहरूलाई लक्षित गरिएको थियो, जो बेरोजगारीको समस्या र डिजिटल साक्षरताबाट बञ्चित भएका समुदायमा पर्छन् । यस्ता घट्नाहरूले नेपालमा अनलाइन ठगीहरूको दायरा बढ्दै गएको र थप जटिल बन्दै गएको देखाएको छ ।

मिडियामा प्रकाशित सामग्रीले बढ्दो र निरन्तर रूपमा सरकारी वेबसाइट तथा प्रणालीहरूमा साइबर आक्रमण भएका बारे उल्लेख गरेका थिए । पटक पटक भएको डाटा चुहावट र अनुमित बिना सरकारी वेबसाइटमा भएका अनाधिकृत प्रवेशका घट्नाहरूले आफ्ना संस्थाहरू र नागरिकको सुरक्षाको विषयमा सरकार असक्षम रहेको देखाएको थियो ।

वर्षभरि गरिएको हाम्रो निगरानी र अनुगमनमा नेपालको डिजिटल अधिकार र डिजिटल स्पेसमा विविध दायरामा घटनाहरू भएको हामीले अभिलेख गरेका छौं । यद्यपी, महिला, दलित, आदिवासी तथा जनजाती समुदाय र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका दृष्टिकोणबाट हुनुपर्ने विश्लेषण भने पर्याप्त मात्रामा नभएको पाइएको छ ।

साथै, महिलामाथि हुने प्रविधिमा आधारित हिंसाको विषयमा गरिएका समाचार सम्प्रेषणमा प्रायः तत्कालै प्रकाशित गर्नुपर्ने वा गरिने 'हार्ड न्युज'को एक ढाँचामा आधारित भएर गरिएको छ, जसले सम्बन्धित विषय बारेको गहिराई र बृहत बुझाईका लागि विश्लेषणात्मक तथा अनुसन्धानात्मक रिपोर्टिङको उल्लेख्य मात्रामा कमि भएको देखाएको छ । त्यसैगरी, सरकारको सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र अन्य सामाजिक सञ्जालका माध्यम माथिको नियमनको विषयमा मिडियाबाट आएका सामाग्री मुख्यत, प्रतिबन्धको कार्यन्वयन र वैधानिकतामा मात्रै केन्द्रित थिए । तर, यी सामग्रीहरूले यस्ता निर्णय कार्यान्वयनमा आउँदा त्यसका कारण अभिव्यक्ति स्वतन्त्रता तथा डिजिटल श्रमिक र सीमान्तकृत समूदायको आवाजजस्ता विषयसँग सम्बन्धित पक्षबाट हुनसक्ने सामाजिक विश्लेषण भने दिन असफल भएको थियो ।

# २

# उद्देश्यहरू

मिडिया अनुगमनको उद्देश्य समाचार, घट्नाहरू, बहस, वादविवाद र विभिन्न प्रवृत्तिहरूको विश्लेषण गरि त्यसबाट नेपालमा डिजिटल अधिकारको अवस्था कस्तो छ भन्ने बारेमा जानकारी प्राप्त गर्नु र हाम्रा श्रोताहरूलाई सो जानकारी दिनु हो । महिलावादी दृष्टिकोणबाट हेर्दा मिडिया अनुगमन समाचार, बहस र उदाउँदा प्रवृत्तिहरूको विषयमा आलोचनात्मक अध्ययन गर्ने एक शक्तिशाली उपकरण हो ।

यस किसिमको विश्लेषण मिडियाले निर्माण गरिरहेका भाष्यहरू र ती भाष्यका कारण निर्माण भइरहेको सार्वजनिक समुदायको दृष्टिकोण तथा नीतिगत प्रतिक्रियाजस्ता विषयबारे बुझ्नका लागि आवश्यक हुन्छ । यस्तो किसिमको दृष्टिकोण मुख्य गरि महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र अन्य सीमान्तकृत समुदायहरूमा डिजिटल अधिकारका मुद्दाहरूको प्रायः असमान रूपमा हुने प्रभावहरूको पहिचान गर्न महत्वपूर्ण हुन्छ ।

त्यसबाहेक, तर्कहरूको विकास गर्न र डिजिटल अधिकारहरूप्रति भएको प्रम्परागत दृषिकोणहरूको विघटन गर्दै नयाँ दृष्टिकोण विकास गर्नका लागि प्रचलित भाष्य निर्माण प्रक्रियाबारे बुझ्न आवश्यक हुन्छ । डिजिटल अधिकारको परिदृश्यबारेको आलोचनात्मक विश्लेषणले जानकारीपूर्ण सार्वजनिक बहसलाई प्रबर्द्धन गर्ने, तथ्य र प्रमाणमा आधारित नीतिगत वकालतलाई बलियो बनाउने र सतही तथा घट्नामा आधारित रिपोर्टिङभन्दा बृहत संलग्नतालाई बढावा दिन्छ । यसले डिजिटल अधिकारबारे सञ्चारमाध्यममा हुने बहस र सार्वजनिक बुझाईलाई निर्माण गरिरहेका अन्तरनिहित शक्तिसंरचना, प्रणालीगत पूर्वाग्रहहरू र असमान प्रतिनिधित्वका ढाँचाहरू बुझ्न सघाउँछ ।

मिडिया अनुगमनले मिडियाका भाष्यहरूमा कसको आवाजलाई बढावा दिइन्छ, कसरी विषयहरू बनाइन्छ र कसको दृष्टिकोण सीमान्तकृत बनाउने वा हटाउने भन्ने जस्ता विषयमा पनि आलोचनात्मक रूपमा प्रतिबिम्बित गर्छ । यस प्रतिवेदनका निष्कर्षहरूले भविष्यमा मिडिया संवेदनशीलताका प्रयासहरू, डिजिटल अधिकारको वकालत र नेपालको डिजिटल र मिडिया परिदृश्यभित्र विविध आवाजहरूको समावेशी र समतामूलक प्रतिनिधित्वको प्रवर्द्धनको लागि बलियो प्रमाण आधार प्रदान गर्ने उद्देश्य राख्छ ।

# ३

# अध्ययन पद्धति

यस प्रतिवेदनले सन् २०२५ मा नेपालमा डिजिटल अधिकारको विषयमा विकसित भएका विभिन्न घट्नाक्रमको विश्लेषणलाई प्रस्तुत गरेको छ । यो उद्देश्य हासिल गर्न हामीले नेपालका प्रमुख सञ्चारमाध्यमहरूमा प्रकाशित सामग्री तथा डिजिटल माध्यम, इन्टरनेट, प्रविधि, डिजिटल अधिकार र प्रविधिमा आधारित हिंसासम्बन्धी समाचार, विचार र बहसका सामग्रीहरूको प्रणालीगत रूपमा अवलोकन, संकलन, समीक्षा र विश्लेषण गरेका छौं।

यो अध्ययनका स्रोत सामग्रीहरूमा प्रमाणित मिडिया रिपोर्टहरू, नीतिहरू, सार्वजनिक अभिव्यक्तिहरू र आधिकारिक सरकारी वेबसाईट रहेका छन् । यस क्रममा भेटिएका घट्नाहरूलाई पृथक घट्ना नभई फराकिलो संरचनात्मक ढाँचाहरू प्रतिबिम्बित गर्ने विषयगत रूपमा समूहबद्ध गरिएको छ । कुल ५५३ समाचारसँग सम्बन्धित विषयवस्तु तथा सम्बन्धित सामग्री संकलन गरिएको थियो, जसलाई पहिला प्रकाशित भएका मासिक अनुगमन प्रतिवेदनको पनि स्रोतको रूपमा प्रयोग गरिएको थियो ।

यस वार्षिक मिडिया अनुगमन प्रतिवेदनले यी अनुगमन प्रयासहरूबाट आएका मुख्य विषयवस्तुहरूलाई संश्लेषण गरी विषयगत शीर्षकहरू अन्तर्गत प्रस्तुत गरेको छ। प्रत्येक खण्डभित्र, घटनाहरूलाई तथ्यात्मक स्पष्टता र संस्थागत जवाफदेहिता सुनिश्चित गर्न तार्किक क्रममा व्यवस्थित गरिएको छ। यस अध्ययनले नेपाली मिडियामा डिजिटल अधिकारको अवस्थाको आलोचनात्मक परीक्षण गर्ने, उदाउँदा प्रवृत्तिहरू पहिचान गर्ने र समावेशिता तथा प्रतिनिधित्वसँग सम्बन्धित रहेका कमीहरूलाई उजागर गर्ने लक्ष्य राखेको छ।

बडि एन्ड डाटाले सन् २०२१ देखि मिडिया अनुगमन सुरु गरेको हो। त्यसबेलादेखि, हामी नियमित रूपमा डिजिटल अधिकारसँग सम्बन्धित समाचार, विचार र बहसहरू सङ्कलन, विश्लेषण र दस्तावेजीकरण गर्दै मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदनहरू प्रकाशित गर्दै आएका छौं।

हाम्रो मिडिया अनुगमन पद्धतिको एक भागको रूपमा, हामी प्रत्येक महिनाको अन्त्यमा ‘मिडिया अनुगमन साझेदारी सत्र (Media Monitoring Sharing Session)’ आयोजना गर्छौं। यी सत्रहरूमा, हामी महिनाभरि नेपाली मिडियामा भएका डिजिटल अधिकारको रिपोर्टिङको अवस्थाको समीक्षा र छलफल गर्छौं। यी छलफलहरूमा

डिजिटल हिंसा, सामाजिक सञ्जालमा बढ्दो निगरानी, गोपनियताको उल्लङ्घन, प्रविधिमा असमान पहुँच, र कानुनी तथा नीतिगत विकास जस्ता विषयहरूमा आलोचनात्मक नारीवादी र अन्तरसम्बन्धी दृष्टिकोणबाट गहिरो विश्लेषण गरिन्छ। यस दृष्टिकोणले जाति, वर्ग, लैङ्गिकता, यौनिकता, पहुँच, र भौगोलिक स्थान जस्ता कारकहरू बीचको अन्तरसम्बन्ध पत्ता लगाउन मद्दत गर्छ।

यी छलफलहरूबाट निस्कने मुख्य विषयवस्तुहरूलाई हाम्रो मासिक मिडिया अनुगमन प्रतिवेदनहरूमा संकलित गरिन्छ, जुन वार्षिक प्रतिवेदन तयार गर्दा आवश्यक सन्दर्भको रूपमा काम गर्छन्। वार्षिक प्रतिवेदनले मासिक र त्रैमासिक अनुगमन मार्फत सङ्कलन गरिएको तथ्याङ्कको विश्लेषण गरी त्यसलाई विषयगत रूपमा वर्गीकरण गर्छ।


यस वार्षिक प्रतिवेदनको लक्ष्य नेपाली मिडियामा डिजिटल अधिकारको स्थितिको आलोचनात्मक समीक्षा गर्ने, देखिने प्रवृत्तिहरू पहिचान गर्ने, र समावेशिताको कमीलाई उजागर गर्नु हो। साथै, हाम्रा सबै मिडिया अनुगमन प्रतिवेदनहरू यहाँ सार्वजनिक रूपमा उपलब्ध छन्: https://bodyanddata.org/mm/। यी प्रतिवेदनहरू अनुसन्धानकर्ता, नीति निर्माता, सांसदहरू, पत्रकार, अभियन्ता र नेपाली मिडियामा डिजिटल अधिकारको बहसको विकास, प्रवृत्ति र चुनौतीहरू बुझ्न इच्छुक अन्य सरोकारवालाहरूका लागि बहुमूल्य स्रोतको रूपमा काम गर्छन्।


all our media monitoring reports are publicly










द्रष्टव्य: यो अनुगमन प्रतिवेदन बडि एन्ड डाटाको संस्थागत पहलको रूपमा मात्र तयार गरिएको हो। यसको शुद्धता सुनिश्चित गर्न हरसम्भव प्रयास गरिएको भएतापनि, हामी गल्ती वा त्रुटिको सम्भावनालाई स्वीकार गर्छौं र तपाईंको प्रतिक्रिया वा सुझावको स्वागत गर्दछौं। कृपया हामीलाई यस ठेगानामा सम्पर्क गर्न सक्नुहुन्छ: communication@bodyanddata.org.

# ४

# विषयगत अवलोकन

**4.1.** Identity Theft, Privacy Breach, and Exploitation of Digital Systems

**4.2.** Financial Fraud, Online Scams, and Illicit Digital Activities

**4.3.** Technology-Facilitated Gender Based Violence

**4.4.** Freedom of Expression in Crisis


**4.5.** Digital Governance and Digital Infrastructures

**4.6.** Misinformation, Disinformation, and Unethical Use of AI

## ४.१.

# पहिचान चोरी, गोपनीयता उल्लङ्घन, र डिजिटल

सन् २०२५ मा नेपालमा पहिचान चोरी, प्रतिरूपण, डाटा दुरुपयोग र गोपनीयता उल्लङ्घन लगायतका नयाँ प्रकारका डिजिटल जोखिमका घटनाहरू देखिए। केही प्रतिनिधि घटनाहरूले डिजिटल रूपान्तरणको चरणमा देशको डाटा सुरक्षा प्रणालीमा अवस्थित जोखिम माथि प्रकाश पारेका छन्। त्यसैगरी, यस अवधिमा देशमा ह्याकिङ र फिसिङका घटनाहरू उल्लेखनीय रूपमा बढेको पाइयो, जसप्रति तत्काल ध्यान दिई उपयुक्त प्रतिरोधात्मक उपायहरू अपनाउन आवश्यक छ।



## ४.१.१

## राष्ट्रिय परिचयपत्र र डाटा गोपनीयताको जोखिम

सन् २०२५ मा नेपालमा डिजिटल शासनको बढ्दो विस्तारसँगै पहिचान चोरी, गोपनीयता उल्लङ्घन र व्यक्तिगत डाटाको दुरुपयोग लगायतका विषयमा चिन्ता पनि बढ्दै गएको छ। जनवरी महिनामा सरकारले सार्वजनिक सेवामा पहुँच सहज बनाउने र प्रशासनिक दक्षताको अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रिय परिचयपत्र प्रणालीलाई नागरिक एप जस्ता प्लेटफर्महरूसँग एकीकृत गर्‍यो। तर, यस किसिमको केन्द्रीकरणले साइबर आक्रमण, डाटा दुरुपयोग तथा अनधिकृत निगरानीका जोखिमहरूलाई भने बढायो। साथै, सार्वजनिक सेवामा पहुँचका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य बनाउने प्रस्तावले, विशेषगरी संरचनात्मक अवरोधका कारण परिचयपत्र प्राप्त गर्न नसकेका सीमान्तकृत समुदायहरूका लागि बहिष्करण अझ बढ्दै जाने सम्भावना रहयो । डिजिटल परिचयपत्रको सन्दर्भमा, पारलैङ्गिक लगायतका सीमान्तकृत समूहहरूका लागि यो नागरिकताको “द्वारपाल” अर्थात् प्रवेश नियन्त्रण गर्ने माध्यमका रूपमा रहने भएकाले, राष्ट्रिय परिचयपत्रले गोपनीयता सम्बन्धी जोखिम बढाउनुका साथै यस्ता समुदायको अस्तित्व नै मेट्ने माध्यम बन्ने सम्भावना समेत बोकेको हुन्छ।



image source: https://election.gov.np/img1/Voter_Search.png

यसैगरी, नोभेम्बरमा निर्वाचन आयोगले अनलाइन मतदाता दर्ता प्रणालीलाई राष्ट्रिय परिचयपत्रको डाटाबेससँग एकीकृत गर्‍यो, जसले विशेषतः आफ्नो मतदान क्षेत्रबाट भौगोलिक रूपमा विस्थापित भएका नागरिकहरूका लागि मतदाता दर्ता प्रक्रिया सहज बनायो । यस विधिबाट ३,७७,००० भन्दा बढी नयाँ मतदाताहरू दर्ता भए । यद्यपि, यस प्रकारको समन्वय गर्दा, संवेदनशील व्यक्तिगत डाटा राज्यको एकीकृत संरचनामा थप केन्द्रीकृत हुन जाने तथ्यलाई पनि ध्यान दिन आवश्यक छ। यस एकीकरणले यससँग जोडिएका अन्य प्रणालीहरूमा ठूलो मात्रामा संवेदनशील व्यक्तिगत डाटालाई पुर्‍यायो । राष्ट्रिय परिचयपत्रको अत्यधिक डाटा सङ्कलनको इतिहास र राज्य निगरानीका उपकरणका रूपमा यसको सम्भावनालाई हेर्दा, यस्तो कदमले लोकतान्त्रिक सहभागिताको संयन्त्रलाई डिजिटल निगरानीको माध्यममा रूपान्तरण गर्ने जोखिम बढाउँछ।



image source: ICT Samachaar

यससँगै, निर्वाचन आयोगको वेबसाइटमा सर्भर फेल हुनुका साथै प्रणालीगत कमजोरी जस्ता प्राविधिक समस्या पनि देखिए। यस्तो अवस्थामा सम्बन्धित निकायहरूले डाटा सुरक्षाबारे जनतालाई आश्वस्त पारे पनि, डाटा चुहावटसम्बन्धी दोहोरिने हल्लाहरूले सार्वजनिक विश्वासलाई निरन्तर कमजोर बनाइरहे। सरकारी वेबसाइटहरूमा यस्ता त्रुटिहरू देखिँदा सबैभन्दा बढी जोखिममा पर्ने पक्ष सार्वजनिक डाटा नै हो। त्यसैले, पर्याप्त डाटा संरक्षणको व्यवस्थाको अभावमा, यस्ता केन्द्रीकरणले प्रणालीगत रूपमा सीमान्तकृत समुदायहरूको गोपनीयता र राजनीतिक सुरक्षा माथि निरन्तर खतरालाई बढाइरहन्छ ।

**३,७७,०००+**

**नयाँ मतदाताहरू दर्ता भए**

## ४.१.२

## नेपालमा देखिएको ह्याकिङ र डिजिटल असुरक्षाको वृद्धि

सन् २०२५ मा गरिएको हाम्रो मिडिया अनुगमनले डिजिटल क्षेत्रमा देखिएका विभिन्न किसिमका जोखिमलाई अभिलेख गरेको छ, जसमा अधिकांश सरकारी वेबसाइटहरू ह्याकिङ आक्रमणको सिकार बनेको देखियो । केही प्रमुख घटनामध्ये नेपाल बैङ्क लिमिटेडमा डेटा चुहावटको घटना देखियो जसमा करिब ४९,००० रोजगारीका आवेदकहरूको संवेदनशील व्यक्तिगत जानकारी खतरामा परे । सन् २०२५ को सुरुवाती महिनाहरूमा नेपालका सरकारी वेबसाइट तथा डिजिटल सूचना बोर्डहरू पटक पटक ह्याक भएका थिए । डिजिटल पूर्वाधार र सेवाका क्षेत्रमा  लगानी हुँदाहुँदै पनि सरकारले वर्षभरि ती प्रणालीको सुरक्षा सुनिश्चित गर्न भने सङ्घर्ष गरिरहनुपरेको थियो । त्यसैगरी, राजनीतिक विरोधको नाममा गरिएको वेबसाइट विकरण तथा अनधिकृत प्रणाली पहुँचले जवाफदेहिता र अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी जटिल कानुनी तथा नियामक प्रश्नहरू खडा गर्‍यो।

यसका साथै, सार्वजनिक डाटाको संवेदनशीलता र जोखिम बारे प्रष्ट पार्ने अन्य घटनाहरू पनि देखिए। उदाहरणका लागि, लोक सेवा आयोगको वेबसाइटमा अनधिकृत पहुँचका कारण लाखौं प्रयोगकर्ताहरूको व्यक्तिगत जानकारी चोरी भएको थियो। त्यसैगरी, प्रमुख मिडिया नियामक निकाय प्रेस काउन्सिल नेपालको वेबसाइट पनि ह्याक भएको थियो, जसकारण  पत्रकार आचारसंहिता, गुनासा र प्रकाशनसम्बन्धी सामग्रीमा पहुँच अवरुद्ध भयो।

यसैबिच नेपालका डिजिटल संरचनामा पनि  व्यापक सुरक्षा चुनौतीहरू देखिए। यसमा नेपाल प्रहरीको आधिकारिक वेबसाइटसमेत सुरक्षित रहन सकेन। त्यस्तै, सुनसरी जिल्ला प्रहरी प्रमुखको ह्वाट्सएप खाता ह्याक भएको थियो र सो खाताबाट सर्वसाधारणलाई सन्देश पठाउने र रकम माग्ने गतिविधि भएको थियो । साथै, ठगहरूले प्रहरी अधिकृतको प्रतिरूपण गर्दै अनलाइन ठगीबाट गुमेको रकम फिर्ता गरिदिने बहानामा थप ठगी गरेका थिए । यसका लागि नक्कली फेसबुक पेज र पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालका तस्बिरहरू प्रयोग गरिएको थियो। सार्वजनिक सुरक्षाको सुनिश्चितता गर्ने निकायहरूको नै प्रतिरूपण गरी पीडितहरूलाई शोषण गरिएको यस घटनाले कसरी पीडितलाई थप पीडित बनाइन्छ भन्ने देखाउँछ। यसरी, पीडितहरू दोहोरो ठगीको सिकार भएका थिए जसमा पहिलो उनीहरु ठगहरूबाट ठगिए भने दोस्रो, पीडितको सुरक्षा गर्न असफल प्रणालीबाट पनि उनीहरु ठगिए ।

**प्रदर्शन थप हिंसात्मक बनाउन सरकारकै एसएमएस गेट-वे ह्याक, टेलिकममार्फत पठाइएका थिए अलर्ट मेसेज**

टेकपाना  असोज २४, २०८२ ८:२६



image source: TechPana.com

यसैगरी, सेप्टेम्बर ८ र ९ (भदौ २३ र २४) मा भएको जेन जेड आन्दोलनले पनि नेपालको डिजिटल पूर्वाधारमा रहेका कमजोरीहरू माथि प्रकाश पार्यो । आन्दोलनको समयमा, ह्याकरहरूले मलिका गाउँपालिकाको एसएमएस गेटवे दुरुपयोग गर्दै मलिका अलर्ट (MALIKA_ALRT) नामबाट हिंसात्मक सन्देशहरू प्रसारण गरेका थिए। उक्त घटनामा, उक्त आइडीलाई निलम्बन त गरियो तर नेपाल टेलिकमले भने यसप्रति आफ्नो जिम्मेवारी स्वीकार गरेन ।  यसबाहेक, प्रदर्शनकारीहरूले व्यापक रूपमा प्रयोग गरेको डिस्कर्डले समेत र्यानसम ब्रिच (Ransom Breach) को सामना गर्नु परेको थियो । यस घटनामा ७०,००० भन्दा बढी प्रयोगकर्ताहरू प्रभावित भएका थिए र  तेस्रो पक्ष सेवा प्रदायक मार्फत व्यक्तिगत तथा वित्तीय डाटा प्रभावित भएको थियो। यसबीचमा, डिस्कर्डले पहुँच रद्द गरी प्रभावित प्रयोगकर्तालाई सूचित गराए पनि यस घटनाले राजनीतिक घटनाक्रमका बेला महत्वपूर्ण सञ्चारका लागि बाह्य प्लेटफर्ममा निर्भर रहँदाका जोखिमहरू माथि प्रकाश पार्यो । यसका साथै, मिडनाइट अप्स नेपाल नामक ह्याकिङ समूहले जल तथा मौसम विज्ञान विभागको वेबसाइटमा अनधिकृत पहुँच पुर्‍याउँदा सार्वजनिक विश्वासमा नै असर परेको थियो। यस वर्ष काजु, डिकु र जेन जेड राइजिङ नेपाल जस्ता ह्याकर तथा ह्याक्टिभिस्ट समूहहरूले सरकारी प्रणाली, राजनीतिक दल तथा सार्वजनिक प्लेटफर्महरूलाई लक्षित गर्दै साइबर सुरक्षा संरचना र डेटा संरक्षणका गम्भीर कमजोरीहरू सतहमा ल्याए। उनीहरूको गतिविधिलाई राजनीतिक विरोधका रूपमा प्रस्तुत गरिएता पनि, सरकारी वेबसाइटहरूबाट व्यक्तिगत डेटा चोरी भएका घटनाहरूले “कसलाई क्षति पुग्यो?” भन्ने प्रश्न उठाउँछन्। यसको उत्तर पनि स्पष्ट छ -  यसमा कुनै सम्बन्ध नभएका लाखौं सर्वसाधारण नागरिकहरूको व्यक्तिगत डाटा  लुटिए ।

# ४.२.

# वित्तीय ठगी, अनलाइन घोटाला, र अवैध डिजिटल गतिविधि

नेपालमा डिजिटल प्लेटफर्महरूको शोषण, संगठित र क्रमशः परिष्कृत हुँदै गइरहेको देखिन्छ, जसले प्रविधिलाई मनोवैज्ञानिक हेरफेरसँग जोड्छ। यी अपराधहरूले गम्भीर वित्तीय तथा भावनात्मक क्षति पुर्‍याइरहेका छन्। सन् २०२५ मा वित्तीय ठगी र अनलाइन घोटालाहरूको चिन्ताजनक वृद्धिले सार्वजनिक विश्वास र डिजिटल सुरक्षा माथि  पनि व्यापक खतरा उत्पन्न भएको देखाएको छ।

## ४.२.१.

## संगठित अनलाइन घोटाला र वित्तीय ठगी

अघिल्लो वर्षझैं, यस वर्ष पनि प्रणालीगत रूपमा सिमान्तकृत समूहहरूलाई लक्षित गर्दै डिजिटल माध्यमबाट ठगीका गतिविधिहरू भएको देखियो। यस अन्तर्गत, सम्बन्धित अधिकारीहरूले नेपालभित्र र बाहिर संगठित रूपमा सञ्चालन भएका ठगी सञ्जालहरू पत्ता लगाए । साथै, नक्कली डेटिङ एप तथा अवैध कल सेन्टरमार्फत ठगी गरेको आरोपमा ६ जना चिनियाँ नागरिकसहित ५२ जना पक्राउ परे । त्यस्तै, सफराज खड्का संलग्न रहेको एक घटनामा व्हाट्सएप र भाइबरमार्फत नक्कली सरकारी तथा बैंक कागजातहरू वितरण गरिएको पाइएको थियो। हाम्रो मिडिया अनुगमनले यस वर्ष नक्कली पहिचान प्रयोग गरी गरिएका घोटालाहरू पनि अभिलेख गरेको छ। उदाहरणका लागि, कुशेश्वर मेहताले ठगीका लागि थाई बैंक प्रबन्धक भएको नाटक गर्दै धेरै व्यक्तिहरूलाई ठगेका थिए। यी घटनाहरूले गम्भीर अपराधहरूमा दैनिक प्रयोग हुने डिजिटल उपकरणहरूको दुरुपयोग कसरी भइरहेको छ भन्ने कुरा स्पष्ट रूपमा देखाउँछन्।

यस वर्ष वित्तीय ठगीहरु, साइबर अपराधको एक महत्वपूर्ण हिस्साका रूपमा देखिए। नेप्से एआई एप जस्ता नक्कली लगानी एप तथा विभिन्न ठगी गर्ने मनसायले चलाइएका योजनाहरूले नागरिकको लाखौं रुपैयाँको क्षति भयो । यसले प्रविधिमा मात्र नभई कार्यान्वयन र अनुगमनमा रहेको कमजोरीलाई पनि स्पष्ट पार्दछ । साथै, यस्ता गतिविधिहरू ठूला सञ्जालहरूबाट मात्र नभई व्यक्तिगत तहमा समेत सञ्चालन भएको देखियो। व्यक्तिगत घटनाहरूमा, अपाङ्गता भएका व्यक्ति मिलन र निजामती सेवाका आकांक्षी मदन दुवै अनलाइन घोटालामा परी ठूलो मात्रामा आर्थिक क्षति व्यहोर्न बाध्य भए। यी घटनाहरूले प्रणालीगत रूपमा सिमान्तकृत व्यक्तिहरू कसरी बारम्बार आर्थिक तथा भावनात्मक रूपमा बढी जोखिममा परिरहेका छन् भन्ने कुरालाई प्रष्ट पार्दछ ।

त्यसैगरी, यस वर्ष यस्ता घटनाहरू पनि देखिए जहाँ निर्दोष व्यक्तिहरू अनलाइन घोटालामा थाहा नपाई संलग्न भई कानुनी परिणामहरू भोग्न बाध्य भए। उदाहरणका लागि, मिराज र राजन आफ्नो नाममा रहेका बैंक खातामार्फत भएको ठगीमा बिना जानकारी संलग्न भएको देखिएको थियो। त्यस्तै, सम्झना र अनुलाई (नाम परिवर्तन गरिएको) भावनात्मक रूपमा झुक्काएर अनलाइन घोटालाको जालमा पारिएको थियो र पछि, उनीहरू सबैलाई कानुनी रूपमा जवाफदेही बनाइएको

थियो। यी घटनाहरूले नीतिगत व्यवस्था हुँदाहुँदै पनि नागरिकलाई प्रभावकारी सुरक्षा प्रदान गर्न नसक्नु राज्य असफलता भएको देखाउँछन् । यस प्रकारका अनलाइन घोटालामा अधिकांश पीडितहरू युवा र विशेषगरी बेरोजगारीको सामना गरिरहेका समूह भएको देखियो । ठगी गर्नेहरूले प्रायः नक्कली जागिर प्रस्ताव वा प्रेम सम्बन्धहरू मार्फत अर्को पक्षलाई लक्षित गरे, जसले गर्दा पीडित स्वयमले नै पहिचान चोरी, भावनात्मक दुर्व्यवहार र कानुनी परिणाम पनि भोग्नु पर्यो ।

साथै, डिजिटल धम्कीहरू, जालसाजीका गतिविधिका लागि सार्वजनिक विश्वास प्राप्त गर्ने नयाँ तरिकाका रुपमा विकसित भइरहेका छन्। यस वर्ष, सुनिता डंगोल, सदीक्षा श्रेष्ठ र स्वस्तिमा खड्का जस्ता सेलिब्रेटीहरूको नाम प्रयोग गरी सार्वजनिक विश्वासको दुरुपयोग गर्दै अनलाइन जागिरका घोटालाहरू सञ्चालन गरिएको देखियो। घोटाला गर्नेहरूले नक्कली लक्की ड्र, क्यूआर कोड ठगी, तथा सजिलो आम्दानीको वाचा गर्ने विभिन्न योजनाहरू पनि सञ्चालन गरेका थिए। यी योजनाहरूले दैनिक प्रयोगकर्तादेखि उच्च पदस्थ व्यक्तिसम्मलाई लक्षित गरेका थिए, जसले वित्तीय उपभोक्ता सुरक्षा र नियामक अनुगमनमा रहेका कमजोरीहरुलाई प्रस्तुत गर्छ।

नेपाल प्रहरी र नेपाल राष्ट्र बैंकका अनुसार, साइबर ठगीजस्ता शंकास्पद वित्तीय गतिविधिहरूमा ओटीपी चोरी, नक्कली जागिर तथा लगानी योजनाहरू, र अनधिकृत डिजिटल वालेट स्थानान्तरणजस्ता सामान्य तरिकाहरू प्रयोग हुने गरेका छन्। प्रहरी तथा सम्बन्धित निकायहरूद्वारा बारम्बार सार्वजनिक चेतावनी जारी गरिए पनि, यस्ता घोटालाहरू चेतनामूलक प्रयासभन्दा छिटो विकसित हुँदै गएको देखिन्छ।

**डेटिङ एप प्रयोग गरी नेपाली युवतीमार्फत अनलाइन ठगी गराउने चिनियाँ नागरिक पक्राउ**

टेकपाना असार १८, २०८२ १७:४८




image source: techpana.com

## ४.२.२. अवैध अनलाइन जुवा र सट्टेबाजी

विगत एक वर्षमा डिजिटल प्लेटफर्महरूको तीव्र विस्तारले नेपालमा अवैध अनलाइन जुवा तथा अन्य गैरकानुनी डिजिटल गतिविधिहरूलाई पनि बढावा दिएको छ। २०२५ मा अवैध अनलाइन सट्टेबाजीको प्रवर्द्धनका लागि दर्शकहरूलाई प्रभावित पार्न कन्टेन्ट क्रियटरहरूको प्रयोग गरिएको देखियो। राजकुमार थापा (मोटो भ्लगर), विविद जंग थापा (एमआरबी भ्लग) र सन्देश तामाङ (टुबी गेमर) लगायतका व्यक्तिहरुलेले खल्ती ८८, जयबाजी र जेडब्ल्यू८ जस्ता प्रतिबन्धित अनलाइन जुवा प्लेटफर्महरूको प्रचार गरेका थिए । यी विज्ञापनहरू विशेष गरी दशैं–तिहारको अवधिमा लक्षित रूपमा तयार पारिएका थिए, जसले प्रयोगकर्ताहरूलाई सजिलै पैसा कमाउने अवसर र आकर्षक बोनसको आश्वासन दिँदै लोभ्याएका थिए। यस सन्दर्भमा, कमजोर नियमन तथा सीमित कार्यान्वयनको अवस्थाको फाइदा उठाउँदै देश भित्र तथा बाहिर रहेका दुवै पक्षले यस्ता गतिविधिहरूलाई प्रोत्साहन गरेको देखिन्छ।

अर्कोतर्फ, सार्वजनिक विश्वास जित्न तथा जुवा जस्ता गैरकानूनी गतिविधिहरू प्रवर्द्धन गर्न डिपफेक प्रविधिको पनि दुरुपयोग गरिएको थियो । उदाहरणका लागि, श्रृंखला खतिवडा र बालेन शाह लगायतका सार्वजनिक व्यक्तित्वहरूलाई अवैध जुवा प्लेटफर्मरको समर्थन गरेको जस्तो देखाउने गरी झूटो रूपमा चित्रण गरिएको थियो।

नेपालको कानुनले जुवा खेल्न निषेध गरेको छ तर अनलाइन बेटिङ प्लेटफर्महरूले भने नियामकीय कमजोरी तथा कमजोर कार्यान्वयन संयन्त्रहरूको फाइदा उठाउँदै खुला रूपमा यसको प्रचार जारी राखे । यी प्लेटफर्महरूले पारस खड्का जस्ता प्रसिद्ध क्रिकेटर र सार्वजनिक व्यक्तित्वहरूको छविको दुरुपयोग गरे र वैधता प्राप्त गर्न विज्ञापनहरूलाई समेत समाचार सामग्री जस्तो देखिने उरि प्रस्तुत गरे । त्यस्तै, २०२५ को वर्षभरि भएको अवैध अनलाइन जुवाले डिजिटल अपराधको बढ्दो संगठित स्वरूप माथि प्रकाश पारेको छ । नेपाल प्रिमियर लिग जस्ता कार्यक्रमसँग जोडिएर बेटिङ प्लेटफर्महरूले सरोगेट विज्ञापन तथा देश बाहिरका नेटवर्क मार्फत आफ्नो अवैध गतिविधिलाई निरन्तरता दिए। यी घटनाहरूले नेपालमा डिजिटल शासन, साइबर सुरक्षा कार्यान्वयन तथा अनलाइन प्लेटफर्महरूको नैतिक अनुगमनमा  संरचनात्मक कमजोरीहरू छन् भन्ने स्पष्ट पारेको छ।

# ४.३.


## प्रविधि मार्फत हुने लैङ्गिक हिंसा

सन् २०२५ मा प्रविधिले अनलाइन क्षेत्रमा हुने लैङ्गिक तथा पहिचानमा आधारित हिंसालाई थप बढावा दिँदै गएको देखियो। यस बिच, विभिन्न डिजिटल प्लेटफर्म र अज्ञात प्रयोगकर्ताबाट महिलाहरूले व्यापक आक्रमणको सामना गरे, र सार्वजनिक रूपमा अभिव्यक्ति दिने महिला सेलिब्रेटीहरू सामाजिक सञ्जालमा घृणात्मक प्रतिक्रियाको शिकार भए। यस्ता अनलाइन हानिहरू, कतिपय अवस्थामा त वास्तविक जीवनमा हुने हिंसासम्म विस्तार भए। धेरै घटनाहरूमा सहमति बिना लिइएका घनिष्ठ तस्बिरहरूको प्रयोगमार्फत ब्ल्याकमेल गर्ने तथा नाबालिगहरूलाई लक्षित गरी उनीहरूलाई ग्रुमिङ गर्ने गरिएको पाइएको छ। साथै, सीमान्तकृत समूहहरूले प्रविधिसँग सम्बन्धित जोखिमहरू बारम्बार भोग्न बाध्य भएका छन्। यी घटनाहरूले डिजिटल नियमनमा रहेको खाडल, पीडितहरूका लागि अपर्याप्त सहयोग प्रणाली, तथा साइबर अपराधप्रति संस्थागत कमजोरीलाई सतहमा ल्याएका छन्। त्यस्तै, ट्रोलिङ, धम्की, अपमानजनक टिप्पणी र निजी सामग्रीको दुरुपयोगले सीमान्तकृत समुदायले भोग्नु परेको जोखिमलाई अझ बढाएको छ।

### ४.३.१.

### विछोडपछिको दुर्व्यवहारमा देखिने अनलाइन–अफलाइन निरन्तरता

सन् २०२५ मा सम्बन्ध विच्छेदपछि महिलाको सहमति बिना लिइएका घनिष्ठ तस्बिर तथा भिडियोहरूको दुरुपयोग भएका थुप्रै घटनाहरू देखिए । यी घटनाहरूले महिलामाथि अनलाइन र अफलाइन दुवै क्षेत्रमा जबरजस्ती नियन्त्रणको निरन्तरता रहेको देखाउँछन्, जहाँ अपराधीहरूले भौतिक नियन्त्रणलाई विस्तार गर्दै इन्टरनेटको दुरुपयोग गरेको देखियो। यसको परिणामस्वरूप, सम्बन्ध अन्त्य भइसकेपछि पनि पीडितहरू लामो समयसम्म निगरानी र मनोवैज्ञानिक दबाबमा रहन बाध्य भएका छन्। सम्बन्ध विच्छेदपछिका यस्ता दुर्व्यवहारका घटनाहरूले अनलाइन माध्यममार्फत महिलाको शरीरलाई नियन्त्रण र प्रतिशोधको साधनका रूपमा कसरी प्रयोग गरिन्छ भन्ने स्पष्ट




पार्छन्। उदाहरणका लागि, एक घटनामा एक पुरुषले आफ्नी श्रीमतीलाई ब्ल्याकमेल गर्न आफ्नै छोरीसमेत संलग्न रहेको सहमति बिना लिइएको भिडियो प्रयोग गरेका थिए । त्यस्तै, प्रविधिमार्फत हुने हिंसाको परिणामस्वरूप अञ्जना रिजालको आत्महत्याको घटना पनि घटेको थियो। यस घटनाले अनलाइन हिंसा कसरी अफलाइन जीवनमा समेत गम्भीर रूपमा विस्तार हुन्छ भन्ने देखाउँछ।


आफ्नै छोरीको अश्लील भिडिओ आमालाई पठाएर बुवाले गरे ब्ल्याकमेल


टेकपाना जेठ २०, २०८२ २२:३३

image source: techpana.com


फेसबुकबाट चिनजान भएका व्यक्तिलाई भेट्न गएकी नाबालिकामाथि पटक-पटक बलात्कार

टेकपाना असार ६, २०८२ १५:५५

image source: techpana.com


फेसबुकमा साथी बनेका युवकले काठमाडौं घुमाउने बहानामा बोलाएर गरे १३ वर्षीया नाबालिका बलात्कार

टेकपाना पुस १, २०८२ १७:३

image source: techpana.com



## ४.३.२. अन्तर्विभाज्य पहिचान र अनलाइन हिंसा


सन् २०२५ मा घटेका विभिन्न घटनाहरूले अनलाइन हिंसाको प्रकृतिले सीमान्तीकरणका विभिन्न रूपमा रहेका व्यक्तिहरूलाई असमान रूपमा लक्षित गर्ने प्रवृत्ति रहेको देखाएका छन्। एउटा घटनामा, अपाङ्गता भएका एक नाबालिगलाई अनलाइन प्रलोभनमा पारेर बलात्कार गरिएको थियो र पटक–पटक ब्ल्याकमेल गरिएको थियो। यस घटनाले अपराधीले डिजिटल ग्रूमिङ मार्फत उमेर र अपाङ्गता दुवैको शोषण कसरी गर्छन् भन्ने  देखाउँछ। त्यस्तै, एक १३ वर्षीया बालिकालाई फेसबुकमार्फत प्रलोभनमा पारेर यौन दुर्व्यवहार गरिएको एक घटनाले अनलाइन हिंसा शारिरिक अघातको सुरुवात रहेको देखाएको छ। यसैबीच, राउटे समुदायका युवतीहरूको दुर्व्यवहारपूर्ण भिडियोहरू प्रसारण गरेको आरोपमा टोपेन्द्र शाही पक्राउ परेका थिए जसले डिजिटल माध्यममार्फत हुने औपनिवेशिक प्रकृतिको हिंसालाई समेत प्रस्तुत गरेको छ। आदिवासी समुदायहरूलाई लक्षित गरिने यस्ता घटनाहरू पृथक होइनन्; यी त प्रणालीगत भेदभाव तथा ऐतिहासिक सीमान्तीकरणका संरचनागत कारणहरूसँग गहिरो रूपमा जोडिएका तत्व छन्।

## ४.३.३.

## स्त्रीद्वेषी धम्की, संस्थागत विश्वासघात र पीडितमाथि नियन्त्रणात्मक निगरानी

सन् २०२५ मा प्रविधिमार्फत हुने लैङ्गिक हिंसाका पीडितहरूलाई न्याय प्रदान गर्न राज्य संयन्त्र असफल भएको देखिन्छ। राजनीतिक रूपमा जोडिएका व्यक्तिद्वारा एक वर्षसम्म पछ्याइएकी स्मृति पौडेल जस्ता पीडितहरूले अनलाइन र अफलाइन दुवै क्षेत्रमा आफ्नो अवस्थाको प्रभावकारी सुनुवाइ नभएको अनुभव गरेका छन्। त्यस्तै, १९ वर्षीया जूली झासँग सम्बन्धित एक घटनाले कानुनी प्रणालीको अपर्याप्तता उजागर गरेको थियो, जहाँ उनलाई नाबालिग अवस्थादेखि नै हिंसा गर्दै आएको एक पुरुषको मृत्युपछि पक्राउ गरिएको थियो। यस घटनामा पीडितलाई न्याय प्रदान गर्नुको सट्टा मेलमिलापतर्फ धकेल्ने प्रहरी प्रतिक्रियाहरूको व्यापक आलोचना भएको थियो। यसले यस्तो विषाक्त संरचनालाई सुदृढ बनाउँछ, जहाँ महिलाहरूलाई पर्याप्त समर्थन प्रदान गरिँदैन र उनीहरूले भोगेको हिंसाका लागि उनीहरुलाई नै दोषी ठहर्याइन्छ।

यि बाहेक, सार्वजनिक क्षेत्रमा महिलाको आवाजलाई दबाउन डिजिटल प्लेटफर्मको व्यवस्थित रूपमा दुरुपयोग भएको भेटिएको थियो । ढिलो कानुनी सहायता तथा प्रतिक्रियाका कारण ऋचा शर्मा, समीक्षा अधिकारी र एलिना चौहान जस्ता सार्वजनिक व्यक्तित्वहरूले, आफूलाई दुर्व्यवहार गर्ने व्यक्तिहरूको नाम सार्वजनिक रूपमा साझा गर्न बाध्य भएका थिए । यसले एकता र समर्थनको भावना निर्माण गर्न सहयोग पुर्‍याए पनि पीडितहरूका लागि थप कानुनी तथा सामाजिक





अनि एलिना खराब कमेन्ट गर्नेहरूविरुद्ध लड्न थालिन्

'अब यहाँबाट पछि हटेँ भनेँ मपछिको पुस्ताले झन् धेरै सहनुपर्ने हुन्छ । कम्तीमा महिलाहरूलाई नेपालमा बाँच्न सजिलो बनाइदेलान् कि ।'

असार २०, २०८२ | समर्पण श्री





महिला इन्फ्लुएन्सर विरुद्ध जथाभावी कमेन्ट गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउने प्रहरीको चेतावनी

टेकपाना कात्तिक ७, २०८२ १२:३८

जोखिम पनि सिर्जना गर्ने सम्भावना बोकेको थियो ।

त्यसैगरी, यस वर्ष अनलाइन क्षेत्रलाई, घृणित वातावरण सिर्जना गर्न पनि व्यापक रूपमा प्रयोग गरिएको देखियो। उदाहरणका रूपमा, सुरक्षा पन्त र सुनिता डंगोल लगायतका सार्वजनिक व्यक्तित्वहरूलाई उनीहरूको सार्वजनिक अभिव्यक्तिका कारण लक्षित गरिएको थियो। यस्ता आक्रमणहरूले उत्पीडनको डर सिर्जना गरी सार्वजनिक सहभागितालाई निरुत्साहित गर्ने र व्यक्तिलाई सहभागिताबाट आफैँलाई टाढा राख्ने जोखिम उत्पन्न गरे। त्यस्तै, हास्य कलाकार साजन श्रेष्ठका दिदीबहिनीहरूलाई उनको सामग्रीप्रतिको प्रतिक्रियास्वरूप बलात्कारको धम्की दिइएको घटनाले पुरुष-केन्द्रित द्वन्द्वमा महिलाको शरीरलाई 'दबाबको माध्यम'का रूपमा कसरी प्रयोग गरिन्छ भन्ने स्पष्ट देखाउँछ।

यसैगरी, पूर्व नेपाली क्रिकेट कप्तान सन्दीप लामिछानेले प्याराडाइम टिमीविरुद्ध मानहानीको आरोप लगाउँदै गरेको पोस्टपछि कार्यक्रममा सहभागी भएका महिला पाहुनाहरूविरुद्ध आक्रमणको लहर देखियो। डा. त्रिशला गुरुङ, नितु मल्ल ठकुरी, जस्मिन महर्जन र सुरुची बुढाथोकी जस्ता सार्वजनिक व्यक्तित्वहरूले अनलाइन लैङ्गिक उत्पीडनको सामना गरे, जसका कारण उनीहरू, आफ्ना सामाजिक सञ्जालमा आउने टिप्पणी समेत सीमित गर्न बाध्य हुनुपरेको थियो। त्यसपछि, साइबर ब्यूरोले यस्ता गतिविधिहरूले विद्युतिय कारोवार ऐन, २०६३ को उल्लङ्घन हुने भन्दै चेतावनी जारी गरेको थियो।

# ४.४.

# संकटमा अभिव्यक्ति स्वतन्त्रता

नेपालको वर्तमान कानुनी तथा नीतिगत परिदृश्यले डिजिटल क्षेत्रमा अभिव्यक्ति स्वतन्त्रता माथि भइरहेको बढ्दो प्रतिबन्धात्मक प्रवृत्तिलाई देखाएको छ । अधिकारीहरूले अनलाइन आलोचनालाई दबाउन बारम्बार प्रयोग गरिने व्यापक र अस्पष्ट प्रावधान, विद्युतिय कारोवार ऐन, २०६३ को धारा ४७ को अत्याधिक प्रयोग गरेका छन् । यसको अस्पष्ट दायराले पत्रकार, वकिल, कलाकार तथा सामान्य सामाजिक सञ्जाल प्रयोगकर्ता समेत विरुद्ध कारबाही गर्न सहज बनाएको छ, जसले यसको मनलाग्दो कार्यान्वयन तथा शक्तिको दुरुपयोगसम्बन्धी गम्भीर चिन्ता उठाएको छ ।

## ४.४.१.

## सामाजिक सञ्जाल माथिको नियन्त्रण: दमनकारी र अलोकतान्त्रिक कदम

फेब्रुअरी महिनामा, सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले राष्ट्रिय सभामा “सामाजिक सञ्जाल विधेयक, २०८१” प्रस्तुत गरेका थिए। सरकारले उक्त विधेयक सामाजिक सञ्जाल प्लेटफर्म र प्रयोगकर्ताहरूलाई नियमन गर्ने उद्देश्यले ल्याइएको जनाएको थियो। उक्त विधेयकमा, सामाजिक सञ्जाल कम्पनीहरूले नेपालमा सञ्चालन गर्न अर्थ मन्त्रालय अन्तर्गत अनिवार्य रूपमा दर्ता हुनुपर्ने व्यवस्था गरिएको थियो। यसले सामाजिक सञ्जालमा प्रकाशित सामग्रीलाई कडाइका साथ नियमन गर्ने नीतिहरूको आवश्यकता औंल्याउँदै एक्सटोर्सन, साइबरबुलिङ, फिसिङ, ठगी तथा अन्य डिजिटल अपराधहरूलाई नियन्त्रण गर्ने लक्ष्य राखेको भनिएको थियो।

यद्यपि, प्रस्तावित विधयकले पत्रकार, नागरिक समाज तथा डिजिटल अधिकार अधिकारकर्मीहरुबाट व्यापक आलोचनाको सामना गरेको थियो । आलोचकहरूले केही प्रावधानहरूले लोकतान्त्रिक मूल्यमान्यता तथा डिजिटल स्वतन्त्रतामा नै नकारात्मक प्रभाव पार्न सक्ने तर्क गरे । उक्त अवधिमा, विशेषगरी, अनलाइन गुमनामता माथि सम्भावित प्रतिबन्ध, असहमत आवाजहरू नियन्त्रण हुने जोखिम तथा स्वतन्त्र पत्रकारितामाथि पर्ने सम्भावित असरबारे गम्भीर चिन्ता व्यक्त गरिएको थियो। नेपाल पत्रकार महासंघले उक्त विधेयकलाई प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेपका रूपमा व्याख्या गरेको थियो। समग्रमा, सरकारको यस प्रयासलाई व्यापक रूपमा असहमतिको आवाजलाई सीमित गर्ने उपायका रूपमा हेरियो , जसले अभिव्यक्ति स्वतन्त्रताको संरक्षणमा नै चुनौती रहेको देखायो ।


त्यसैगरी, जुलाईमा, नेपालले ठगी, लागूपदार्थको तस्करी र मनी लान्ड्रिङमा टेलिग्रामको दुरुपयोग भएको उल्लेख गर्दै टेलिग्राममाथि प्रतिबन्ध लगायो। सरकारको यस कदम माथि कानुनी विज्ञहरूले पूर्ण प्रतिबन्धले लाखौं वैध प्रयोगकर्ताहरूलाई अनुचित रूपमा असर गर्ने र अभिव्यक्ति स्वतन्त्रताको लागि गम्भीर खतरा निम्तिने तर्क गरे। यसै सन्दर्भमा, २७ नेपाली डिजिटल अधिकार समूहहरूको गठबन्धनले टेलिग्राम प्रतिबन्धको निन्दा गरे र डिजिटल अर्थतन्त्र, शिक्षा र सञ्चारको लागि टेलिग्राममा भर पर्ने सीमान्तकृत समुदायहरूमा नकारात्मक प्रभाव पर्ने चेतावनी दिए।

सन् २०२५ मा, नेपाल सरकारले विश्वव्यापी सामाजिक सञ्जाल प्लेटफर्महरूको नियमनमा कठोर दृष्टिकोण अपनाएको थियो। सरकारले फेसबुक, इन्स्टाग्राम र एक्स जस्ता प्लेटफर्महरूलाई स्थानीय रूपमा दर्ता गर्न र त्यसो नगरे सम्भावित अवरोध (ब्लकिङ) को सामना गर्न बारम्बार समयसीमा तोकेको थियो। टिकटक लगायत केही प्लेटफर्महरूले दर्ता सम्बन्धी आवश्यकताहरू पूरा गरे पनि मेटा जस्ता प्रमुख कम्पनी भने दर्ता गर्न आएनन् । भदौ १९ मा तोकिएको सात दिने समयसीमा समाप्त भएपछि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत दर्ता नभएका सामाजिक सञ्जाल प्लेटफर्महरूमा प्रतिबन्ध लगाइएको थियो। इन्टरनेट सेवा प्रदायक संघ नेपालले यस कदमप्रति कडा आपत्ति जनाउँदै यस्तो अवरोधले गम्भीर प्राविधिक चुनौतीहरू सिर्जना गर्ने, व्यापक रूपमा भिपिएनको प्रयोगलाई प्रोत्साहन गर्ने र नेपालको डिजिटल विश्वसनीयतामा नकारात्मक असर पार्ने चेतावनी दिएको थियो।

त्यस्तै, कानुनका विज्ञहरूले सरकारको कदम सर्वोच्च अदालतको निर्देशनविपरीत भएको भन्दै आलोचना गरे र कुनै पनि कुरालाई प्रशासनिक कारबाही भन्दा कानुनमार्फत नियमन गर्न सुझाव दिए । आलोचना बढ्दै जाँदा, आईटी सल्लाहकार शालिग्राम पराजुलीले मेटाले दर्ता प्रक्रिया सुरु गरेको भनी भ्रामक दाबी गरेका थिए, जसलाई पछि सम्बन्धित अधिकारीहरूले अस्वीकार गरे । यसैबीच, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले भने आधिकारिक सञ्चारका लागि फेसबुक र व्हाट्सएप जस्ता प्रतिबन्धित प्लेटफर्महरूको प्रयोग जारी राखेका थिए जसले गर्दा तत्कालीन सरकारले थप आलोचनाको सामना गर्नुपरेको थियो। यस सन्दर्भमा नियामकीय असंगति तथा संस्थागत विरोधाभास सम्बन्धी आरोपहरू पनि लगाइएका थिए।




image source: 1. BBC News, 2. The Guardians




सेप्टेम्बर ८ र ९ (भदौ २३ र २४) मा भएको राष्ट्रव्यापी 'जेन जेड' आन्दोलन पछि मन्त्रिपरिषद्ले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने र सबै प्लेटफर्महरूमा पहुँच पुनर्स्थापित गर्ने निर्णय गरेको थियो। यसैबीच, भारतीय सर्वोच्च अदालतले पोर्नोग्राफीसम्बन्धी वेबसाइटहरूमा पूर्ण प्रतिबन्ध लगाउने प्रस्ताव अस्वीकार गर्दै पूर्ण प्रतिबन्धले समाधानभन्दा बढी प्रतिरोध उत्पन्न गर्ने भनि नेपालमा देखिएको अनुभव उद्धृत गरेको थियो । डिजिटल क्षेत्रको प्रभावकारी शासनका लागि पारदर्शिता, समानुपातिकता तथा अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड र राष्ट्रिय यथार्थसँग सुसंगत संवैधानिक सुरक्षामा आधारित कानुनी ढाँचा अपरिहार्य छ। यस्ता सुधारहरूको अभावमा प्रशासनिक अतिक्रमणले डिजिटल अधिकारको संरक्षण कमजोर बनाउने र नेपालको लोकतान्त्रिक प्रतिबद्धतामाथि प्रतिकूल प्रभाव पार्ने सम्भावना उच्च रहन्छ।



## ४.४.२. संकटमा प्रेस र रचनात्मक स्वतन्त्रता

२०२५ मा मिडिया क्षेत्रले बढ्दो कानुनी तथा संस्थागत दबाबको सामना गर्‍यो, जसले स्वतन्त्र पत्रकारिता र अभिव्यक्ति स्वतन्त्रतालाई निरन्तर जोखिममा राख्यो। यस अवधिमा गरिएको मिडिया अनुगमनले आलोचनात्मक र स्वतन्त्र प्रेस रिपोर्टिङमा बाधा पुर्‍याउने अदालती हस्तक्षेप, विधायी प्रस्ताव तथा नियामक कार्यहरूको श्रृंखला अभिलेख गरेको छ।

जुन महिनामा, अदालतले नेपाल खबर र बिजमाण्डु जस्ता अनलाइन मिडिया आउटलेटले प्रकाशित गरेका अनुसन्धानात्मक रिपोर्ट हटाउन अन्तरिम आदेश जारी गरेको थियो। यो आदेश विशेषतः नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोष नारायण श्रेष्ठससँग संलग्न रिपोर्टिङसँग सम्बन्धित थियो। उक्त आदेश मानहानिको आधारमा, मिडिया नियमनका लागि कानुनी रूपमा जिम्मेवार निकाय प्रेस काउन्सिल नेपाललाई संलग्न नगरी जारी गरिएको थियो। त्यसैगरी, पत्रकार दिलभूषण पाठकले आफ्नो "टफ टक" शृङ्खला अन्तर्गतको युट्युब एपिसोडसँग सम्बन्धित विषयमा सोही महिनामा पक्राउको सामना गर्नुपरेको थियो। उक्त भिडियो राजनीतिक परिवारसँग जोडिएको भनिएको विवादास्पद होटल कारोबारबारे केन्द्रित थियो।

नीतिगत स्तरमा, सरकारले मिडिया काउन्सिल विधेयक र छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ माथि संशोधन प्रस्ताव गरेको थियो। यसले मिडिया नियमनमा सरकारी प्रभाव विस्तार गर्ने सम्भावना राखेको भन्दै आलोचना खेपेको थियो । मिडिया व्यवसायीहरूले प्रस्तावित ढाँचाले मिडिया काउन्सिलभित्र नियुक्ति तथा बर्खास्ती प्रक्रियामा नियन्त्रण केन्द्रीकृत गरी राज्यको अधिकार विस्तार गर्ने चिन्ता व्यक्त गरे । यसै सन्दर्भमा, विधेयकको धारा ७(ख) लाई चुनौती दिँदै स्वतन्त्र नियामक संरचना पुनर्स्थापनाको मागसहित सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो।

त्यसैगरी, यसै वर्ष चलचित्र विधेयक पनि प्रस्ताव गरियो जसमा चलचित्र विकास बोर्डलाई हस्तक्षेप गर्ने अधिकार मन्त्रालयलाई दिने प्रावधान समावेश गरिएको थियो। विधेयकले अनिवार्य रुपमा पटकथा स्वीकृति तथा पोस्ट–प्रोडक्सनमा हुने प्रतिबन्ध जस्ता व्यवस्था पनि प्रस्ताव गरेको थियो। यी प्रावधानले चलचित्र निर्माताहरूको स्वायत्ततामाथि खतरा उत्पन्न गर्नुका साथै रचनात्मक र असहमत हुने अभिव्यक्तिलाई समेत सीमित गर्ने जोखिम बोकेको थियो । यसले आफ्नो आवाज अभिव्यक्त गर्न मिडिया र कलामा निर्भर रहेका सीमान्तकृत समुदायहरूलाई पनि असमान रूपमा प्रभावित पार्ने खतरा बोकेको थियो ।

यी सबै दमनका प्रयासले मिडियामाथि बढ्दो कानुनी, न्यायिक र प्रशासनिक नियन्त्रण सिर्जना भएको देखाउँछ । साथै, स्वतन्त्र नियामक संयन्त्रहरूको सम्मान नहुँदा, प्रेस स्वतन्त्रता सधैं शक्तिको छायामा पर्छ र यस माथि आक्रमण भैरहन्छ । यसले लोकतान्त्रिक जवाफदेहितालाई पनि कमजोर बनाउँने र पत्रकारिता तथा रचनात्मक अभिव्यक्तिलाई नै रोक लगाउने प्रवृत्तिलाई बढावा दिन्छ।



**Media registration and renewal will no longer be from the Information Department**

According to the provisions of the Printing House and Publication Act, 2048 made by the government through the amendment of some Nepal Acts, there is now an arrangement for online registration from the District Administration Office.

श्रावण २०, २०८२ | रासस

image source: Ekantipur.com

## ४.४.३.

## अनलाइन तथा राजनीतिक अभिव्यक्ति र संस्थागत नियमन

२०२५ मा घटेका विभिन्न घटनाहरूले राज्य र सरकारलाई चुनौती दिने अभिव्यक्ति माथि कडा संस्थागत नियन्त्रण भएको दखाए । उदाहरणका लागि, टिकटकमा प्रहरी पोशकमा भिडियो सामग्री पोस्ट गरेको आरोपमा १६६ सशस्त्र प्रहरी माथि अनुशासनात्मक कारबाही गरियो। त्यसैगरी, टिकटक प्रयोगकर्ता रामा बस्नेतलाई राजनीतिक सामग्री प्रसारण गरेको भन्दै विद्युतिय कारोबार ऐन, २०६३ अन्तर्गत पक्राउ गरिएको थियो। त्यस्तै, “ड्राइभर रेशम” प्रकरणमा पनि अनलाइन अभिव्यक्तिका आधारमा उनलाई पक्राउ गरिएको थियो र त्यसमा उनले गम्भीर कानुनी परिणामको सामना गर्नुपरेको थियो।

यसैगरी, व्यंग्यात्मक रुपमा ‘केरा गणतन्त्र’ लेखिएको टी-शर्ट डिजाइनमा प्रतिबन्ध लगाइएको थियो जसले असहमतिलाई नियन्त्रण गर्ने प्रयासलाई देखाउँछ । अर्को घटनामा, अधिवक्ता सुजित केसी विरुद्ध राजनीतिक परिवारको आलोचना गरिएको फेसबुक पोस्टकै आधारमा साइबर अपराधसम्बन्धी उजुरी दायर गरियो। यी गतिविधिहरूले अभिव्यक्ति स्वतन्त्रता माथि राज्यको बढ्दो नियन्त्रणलाई स्पष्ट रूपमा चित्रण गर्छन्। यस्ता उपायहरूले नागरिक क्षेत्र संकुचित हुँदै गएको छ र, साइबर कानून भने आलोचना र राजनीतिक व्यंग्यलाई नियन्त्रण वा सेन्सर गर्न बढ्दो रूपमा प्रयोग भइरहेका छन्।

**देउवा पुत्र जयबिरबारे फेसबुकमा लेख्दा अधिवक्ता केसीविरुद्ध साइबर अपराधको मुद्दा**

उकेरा संवाददाता ४८ हप्ता अघि







image source: TechPana

यस वर्ष रचनात्मक अभिव्यक्ति पनि निगरानीको दायरामा परेको देखियो। उदाहरणका रूपमा, केही भाइरल गीत तथा कलात्मक सामग्रीहरूलाई सांस्कृतिक मूल्यमान्यतामा क्षति पुर्‍याएको भन्दै रिपोर्ट गरिएको थियो। त्यस्तै, तत्कालीन प्रधानमन्त्रीको आलोचना गर्दै र्‍याप भिडियो सिर्जना गरेको आरोपमा एक व्यक्तिलाई पक्राउ गरिएको घटना पनि सार्वजनिक भयो । नागरिक समाज र अधिकारकर्मी समूहहरूले अनलाइन सुरक्षाका लागि निर्माण गरिएका कानूनहरूलाई धम्कीका साधनमा रूपान्तरण गरिएको भन्दै, यस्ता अभ्यासहरूले लोकतान्त्रिक सहभागितालाई कमजोर पार्ने खतरा रहेको चेतावनी दिए ।

**अश्लील भएको भन्दै तीन लोकगीतविरुद्ध साइबर अपराध ब्युरोमा उजुरी**

उकेरा संवाददाता ४४ हप्ता अघि

त्यस्तै, आलोचनात्मक वा असहमतिपूर्ण विचार व्यक्त गर्ने व्यक्तिहरूले अनलाइन उत्पीडन, धम्की तथा समन्वित प्रतिक्रियाको सामना गर्नुपर्‍यो। यस्तो असहिष्णुताले सामाजिक सञ्जाललाई खुला अभिव्यक्तिका लागि असुरक्षित बनायो। उदाहरणका रूपमा, एक अभिनेत्रीले हृदेन्द्र शाहको रूप र सम्भावनाबारे अनौपचारिक टिप्पणी गरेपछि, राजतन्त्रवादी समूहहरूले त्यसलाई अनादरपूर्ण भन्दै उनीमाथि अनलाइन दुर्व्यवहार र बहिष्कार गरे। त्यसैगरी, कोरियोग्राफर अर्जुन खड्काले राजनीतिक दलप्रति व्यंग्यात्मक आलोचना गरिएको टिकटक सामग्री बनाएकै कारण, उनी माथि शारिरिक आक्रमण नै भयो । यी घटनाहरूले डिजिटल असहमति कसरी भौतिक प्रतिशोधसम्म पुग्छ भन्ने देखाउँछन्, जसले स्वतन्त्र अभिव्यक्ति मात्र नभएर, व्यक्तिगत सुरक्षामाथि नै गम्भीर असर पार्छ। २०२५ मा देखिएको आलोचकहरूलाई दबाउने प्रवृत्तिले अभिव्यक्ति स्वतन्त्रता र संस्थागत संयमको सुनिश्चितताका लागि बलिया तथा प्रभावकारी सुरक्षात्मक उपायहरूको तत्काल आवश्यकता रहेको स्पष्ट रूपमा देखाएका छन्।

# ४.५.

# डिजिटल शासन र डिजिटल पूर्वाधार

सन् २०२५ मा गरिएको हाम्रो वार्षिक मिडिया अनुगमनले सरकारी संस्थाहरूमा डिजिटल प्रणालीको केही विस्तार भएको देखायो। तर, यस विस्तारसँगै आवश्यक रणनीतिक आधार भने पर्याप्त रूपमा अवलम्बन भएको पाइएन। त्यस्तै, सम्बन्धित निकायहरूले डिजिटल पूर्वाधार, डाटा सुरक्षा संयन्त्र तथा गोपनीयता संरक्षणलाई सुदृढ गर्ने कदमहरू अपेक्षित गतिमा अघि बढाएको देखिएन। सरकारी अधिकारीहरूले महत्वाकांक्षी योजनाहरू अघि सारे पनि ती योजनाहरूलाई आवश्यक बजेट प्राथमिकता र स्रोतले पर्याप्त रूपमा समर्थन गर्न सकेनन्। यसको परिणामस्वरूप, कमजोर डिजिटल पूर्वाधारले संस्थागत तहमै डिजिटल अधिकार उल्लङ्घनका घटनाहरू निम्त्यायो, जसले नागरिकहरूलाई प्रत्यक्ष रूपमा प्रभावित गर्‍यो। साथै, प्रभावकारी कानुनी ढाँचा र सहयोगी संयन्त्रहरूको अभावका कारण पीडितहरूले न्यायिक उपचारमा प्रभावकारी पहुँच प्राप्त गर्न कठिनाइ भोग्नुपर्‍यो।

## ४.५.१.

## डिजिटल शासनमा देखिएका नीतिगत महत्वाकांक्षा र नियामक कमजोरी

२०२५ मा नेपालको डिजिटल शासन क्षेत्र, ठूला नीतिगत महत्वाकांक्षा र लोकतान्त्रिक कार्यान्वयनमा देखिएको असफलता बीचको उल्झनमा रह्यो। यस बिच, राज्यले केही नीतिगत सुधारहरू प्रस्ताव गरे तापनि, तिनको प्रभावकारी कार्यान्वयन भने हुन सकेन। यस प्रक्रियामा डिजिटल अधिकार विस्तार गर्ने वा समतामूलक पहुँच सुनिश्चित गर्ने भन्दा पनि नियन्त्रणलाई केन्द्रीकृत गर्ने प्रवृत्ति बढी देखियो। यसैको परिणाम स्वरूप, सुरक्षाका नाममा विकास गरिएका उपकरणहरू समेत नियन्त्रणमुखी अभ्यासमा प्रयोग भएको पाइयो।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० र सामाजिक सञ्जाल विधेयकमार्फत सरकारले विश्वव्यापी प्लेटफर्महरूको निगरानीका लागि गरेको पटकपटकको प्रयासले विधायकि मनसाय र कार्यान्वयन क्षमता बीचको यथार्थलाई उजागर गर्‍यो। साथै, स्थानीय दर्ता र प्रतिनिधि नियुक्तिलाई अनिवार्य गर्ने प्रावधान राख्दा, सरकारले नागरिक समाज सँगै मेटा, एक्स र लिंकडेन जस्ता विश्वव्यापी प्राविधिक कम्पनीहरुबाट कडा प्रतिरोध सामना गर्नुपर्‍यो। आलोचकहरूले यस्ता उपायहरू सुरक्षाको प्रत्याभूति भन्दा बढी राज्यको निगरानीमा विस्तार गर्ने र असहमतिलाई दबाउने संयन्त्र निर्माणतर्फ उन्मुख रहेको तर्क गरेका छन्। अन्ततः, यी सरकारी कदमहरूको कार्यान्वयन रोकिँदा पर्याप्त प्राविधिक स्रोत र अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डसँग मेल खाने राजनीतिक इच्छाशक्ति बिना अधिनायकवादी शैलीको नियन्त्रण लागू गर्ने प्रयासमा राज्य स्वयं नियामक विरोधाभासमा फसेको देखिन्छ।

त्यस्तै, डिजिटल नेपाल फ्रेमवर्क २.० पनि नतिजामुखी भन्दा बढी लोकप्रियतामुखी रहेको देखियो । यस फ्रेमवर्क अन्तर्गत केही विस्तृत दृष्टिकोण प्रस्तुत गरिए पनि, कमजोर अन्तर-एजेन्सी समन्वय, पुरातनवादी कर्मचारीतन्त्रमा आधारित सोच, र अपर्याप्त सार्वजनिक लगानीका कारण यसको कार्यान्वयन सुस्त रह्यो। यसैगरी, आर्थिक

सुधार कार्य योजना २०८२ अन्तर्गत सरकारले रिमोट वर्क नीति, डिजिटल घुमन्ते भिसा, तथा आईटी क्षेत्रका लागि कर प्रोत्साहनजस्ता बजार-उन्मुख उपायहरू अघि सार्यो। यी पहलहरूले नेपाललाई विश्वव्यापी डिजिटल अर्थतन्त्रमा स्थापित गर्ने लक्ष्य राख्छन् तर सरोकारवालाहरू भने यस प्रति अझै सशंकित छन्। कानुनी स्पष्टता, पारदर्शी कार्यान्वयन योजना, र भरपर्दो डाटा सुरक्षा संरचनाको अभावमा, यी नीतिहरूले सीमित शहरी क्षेत्रका धनी वर्गलाई मात्र लाभ पुर्‍याउने र व्यापक जनसमुदायलाई प्रणालीगत विफलताको जोखिममा राख्ने प्रवृत्तिलाई स्थायित्व दिन सक्ने खतरा देखिन्छ।

**५,०००**

**दक्ष पेशाकर्मीहरूलाई पाँच वर्षभित्र तालिम दिने**

## ४.५.२.

## डिजिटल पूर्वाधारका लागि न्यून बजेट विनियोजन

सन् २०२५ मा डिजिटल क्षेत्रहरूमा बजेटको विनियोजनले डिजिटल महत्वाकांक्षा र वित्तीय प्रतिबद्धताबीचको अन्तरलाई अझ स्पष्ट पारेको छ । आर्थिक वर्ष २०८२/८३ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई विनियोजन गरिएको रु. ७.७२ अर्बमध्ये डिजिटल पूर्वाधारका लागि जम्मा रु. ७४ करोड मात्र छुट्याइएको थियो । यो सीमित लगानीले ‘डिजिटल नेपाल’ जस्ता प्रमुख पहलहरूको दिगो स्थायित्व माथि गम्भीर चिन्ता खडा गरेको छ । यसका लागि, विज्ञहरू र महालेखा परीक्षकको कार्यालयले डिजिटल साक्षरता, प्राविधिक सीप र सुरक्षित पूर्वाधारमा पर्याप्त लगानी बिना डिजिटलाइजेसनका प्रयासहरू कमजोर रहने बारम्बार चेतावनी दिएका थिए ।


## ४.५.३.

## नेपालमा एआई: अवसर र जोखिमहरू

सन् २०२५ को अगस्टमा नेपालले राष्ट्रिय एआई नीति, २०८२ (२०२५) ल्यायो, जसले पाँच वर्षभित्र ५,००० दक्ष पेशाकर्मीहरूलाई तालिम दिने महत्त्वाकांक्षी दृष्टिकोण प्रस्तुत गरेको थियो । यसको उद्देश्य हरेक प्रदेशमा एआई केन्द्रहरू स्थापना गर्ने र विश्वव्यापी मापदण्डहरूसँग मिल्दोजुल्दो हुने गरी एआई नियमन परिषद् सिर्जना गर्ने पनि थियो । विज्ञहरूले यसलाई एउटा आशाजनक कदमको रूपमा हेरेका छन्, तर उनीहरूले यसको सफलता पर्याप्त कोष र राष्ट्रिय डाटाको प्रभावकारी उपयोगमा निर्भर हुने चेतावनी पनि दिएका छन् ।

साथै, फौजदारी न्याय प्रणालीमा पनि एआई र प्रविधिको प्रयोग विस्तार भएको छ । नेपाल प्रहरीले अपराध विश्लेषण र अपराधी पहिचानका लागि एआई प्रविधि अपनाउने योजना बनाएको थियो, जसले डाटामा आधारित नियमन तर्फको परिवर्तनलाई संकेत गर्दछ । यो पहलमा प्रविधि मार्फत गरिने अपराधहरूलाई सम्बोधन गर्ने क्षमता भएतापनि, यसको प्रभावकारिता भने उचित तालिम, नैतिक कार्यान्वयन, र परिणामहरूको कठोर मूल्याङ्कनमा नै निर्भर गर्दछ । यसबाहेक, प्रविधि भित्रको एल्गोरिदमिक पूर्वाग्रहले प्रणालीगत रूपमा सीमान्तीकृत पारिएका मानिसहरूका लागि अवस्थाहरू गाह्रो बनाउन सक्छ ।

.



# ४.६.

# मिथ्या सूचना, दुष्प्रचार, र एआईको अनैतिक प्रयोग

पछिल्ला वर्षहरूमा इन्टरनेटमा पहुँच र डिजिटल प्लेटफर्महरूको तीव्र विस्तारले मानिसहरूको सूचना प्राप्त गर्ने र साझा गर्ने तरिकालाई आधारभूत रूपमा परिवर्तन गरेको छ । यी प्रविधिहरूले आवाजलाई सशक्त  र सार्वजनिक सहभागितालाई बलियो बनाएका छन्, तर यिनीहरूले एउटा चिन्ताजनक यथार्थलाई पनि उजागर गरेका छन् । जसमा, तिनै उपकरणहरूलाई मिथ्या सूचना फैलाउन, तथ्यहरूलाई विकृत गर्न, र सार्वजनिक धारणालाई हेरफेर गर्नका लागि बढ्दो रूपमा दुरुपयोग गरिँदैछ । राजनीतिक सङ्क्रमणकालमा यो हानि अझ बढी देखिने गर्दछ । नेपाल राजनीतिक सङ्क्रमणको चरणमा रहेको अवस्थामा, राजनीतिक मनसायलाई प्रभावित पार्न र आफू अनुकुलका भाष्यहरूलाई निर्माण गर्न मिथ्या सूचना र दुष्प्रचारको व्यापक प्रयोग गरिएको थियो । यस अवधिमा हाम्रो मिडिया अनुगमनले भ्रामक सामग्रीहरू उत्पादन गर्न कृत्रिम बुद्धिमत्ता र डिजिटल उपकरणहरूको बढ्दो प्रयोग भएको रेकर्ड गरेको छ ।

## ४.६.१.

## जेन-जेड आन्दोलनपछि मिथ्या सूचना र दुष्प्रचारको वृद्धि

नेपालमा जेन-जेड आन्दोलनका क्रममा, धेरै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले आन्दोलनको अवस्थाबारे अपूर्ण र भ्रामक समाचार प्रस्तुत गरे । उनीहरूले सामाजिक सञ्जाल प्रतिबन्धलाई नै आन्दोलनको मुख्य कारणको रूपमा चित्रण गरे र भ्रष्टाचार, असमानता, तथा राजनीतिक असफलता लगायत वर्षौंदेखि जम्मा भइरहेका गहिरो निराशालाई भने बेवास्ता गरियो । केही समाचारहरूले त आन्दोलनले राजतन्त्रको फिर्तीलाई समर्थन गरेको वा नेपाललाई हिन्दू राष्ट्र बनाउने लक्ष्य राखेको समेत बताए, जसले प्रदर्शनकारीहरूले वास्तवमा केका लागि लडिरहेका थिए भन्ने कुरालाई पूर्ण रूपमा विकृत गर्‍यो ।

यसैबीच, सेनाको कब्जा र आक्रमणको दावीदेखि लिएर बढाइचढाइ गरिएका मृत्युदरसम्मका झूटा समाचार र अफवाहहरू द्रुत रूपमा फैलियो, जसले अनावश्यक डर र भ्रम सिर्जना गर्‍यो । राजनीतिक व्यक्तित्व लगायतका विश्वसनीय व्यक्तित्वहरूले समेत अनलाइनमा अप्रमाणित जानकारी साझा गरेर भ्रम फैलाए । धरानका तत्कालिन मेयर हर्क साम्पाङले भ्रम फैलाउन पुरानो आन्दोलनको भिडियो पुनः पोस्ट गरे । नेकपा (एमाले) का नेता महेश बस्नेतले बालेन शाहको पैतृक घरमा तोडफोड भएको भनी झूटो दाबी गरे । दुवै पोस्टहरू पछि भ्रामक प्रमाणित भएका थिए । त्यसैगरी, केही समाचार च्यानलहरूले नेपालको अवस्थामाथि आफ्नै राजनीतिक भाष्यहरू प्रस्तुत गरे । उदाहरणका लागि, भारतीय सञ्चारमाध्यमले नेपालको अवस्थाबारे गरेको सनसनीपूर्ण कभरेजले तनावको अवस्थालाई झन बढाएको थियो । यी घटनाहरूले सत्य र अफवाह जुध्दा सूचनाको स्पेस कति

कमजोर हुन्छ भन्ने देखाएका थिए ।

यद्यपी नेपाली युवाहरूले टिकटक, फेसबुक र डिस्कर्डलगायतका सामाजिक सञ्जालको माध्यमको प्रयोग गरि देशमा भइरहेको घट्ना र अवस्थाबारे वास्तविकता बताएका थिए र भ्रामक दावीहरू विरुद्धमा तथ्य जाँच गरेका थिए । यसले मुलधारका मिडियाले निर्माण गर्ने भाष्यविरुद्धमा कसरी सर्वसाधारण जनताले पुनः नियन्त्रण गर्न सक्छन् भनेर देखाएको थियो ।

जेन-जेड आन्दोलनको विस्तृत विश्लेषणका लागि, कृपया बडि एन्ड डाटाद्वारा प्रकाशित मिडिया अनुगमन प्रतिवेदन “Gen Z Protest in Nepal” हेर्नुहोस् ।




जेन-जेड आन्दोलन र अन्तरिम सरकारको गठनपछि, हामीले प्रधानमन्त्री सुशीला कार्की र धेरै मन्त्रीहरूको नाममा धेरै नक्कली सामाजिक सञ्जाल खाताहरू फेला पार्यौं । नक्कली प्रोफाइलहरूले भ्रम र मिथ्या सूचना सिर्जना गरे, र आम जनतालाई पनि भ्रमित पारे । त्यसैगरी, तत्कालीन मन्त्री कुलमान घिसिङ र रामेश्वर खनालका नाममा रहेका नक्कली पेजहरू धेरै दिनसम्म देखिए। अधिकारमा रहेका व्यक्तिहरूको नक्कली प्रोफाइल बनाइनुले राजनीतिक सङ्क्रमणकालमा कमजोर डिजिटल सुशासन र कमजोर डिजिटल अवस्थाको निरन्तरतालाई जोड दियो ।

यसै क्रममा, जब एउटा भाइरल फोटोमा एक व्यक्तिले टीओबी टी-सर्ट लगाएर बन्दुक समातिरहेको देखियो, तब मिथ्या सूचनाले अनलाइन क्षेत्रमस तनाव बढायो । संक्षिप्त नाम ‘टिओबि’ रहेको उक्त समूहलाई “टिबेटियन ओरिजिनल ब्लड” को रूपमा व्याख्या गरिएको थियो । तर, पछि यो समूह एक नेपाली मोटरसाइकल क्लब ‘द ओरिजिनल ब्रदर्स’ रहेको खुलासा भएको थियो । साथै, उक्त भाइरल फोटोमा बन्दुक बोक्ने व्यक्ति तेन्जिङ दावा थिए र, भाइरल भएको तस्बिर २ वर्ष अघिको एक पुरानो म्युजिक भिडियोको छायांकनका क्रममा दावाले नक्कली बन्दुक बोक्दाको रहेको बाहिरिएको थियो । यो घट्नाले विशेष गरी आदिवासी अनुहारहरूको संलग्नता हुँदा मिथ्या सूचना र प्रतीकात्मक गलत व्याख्याले कसरी सामाजिक तनाव बढाउन सक्छ भन्ने देखाएको थियो ।

यी घटनाहरूले मिथ्या सूचना केवल गलत तथ्यहरूको बारेमा मात्र होइन भन्ने एउटा गम्भीर चिन्तालाई उजागर गर्दछ । जब चिन्हहरू, पहिचानहरू, र तथ्यहरूलाई विकृत गरिन्छ, तब यसले वास्तविक संसारमा हानि सिर्जना गर्दछ । राजनीतिक रूपमा संवेदनशील परिस्थितिहरूमा यो जोखिम अझ बढ्छ । यस कारणले गर्दा, निजी संस्थाहरूद्वारा तथ्य जाँच मात्र पर्याप्त छैन । यसका लागि बलियो डिजिटल आलोचनात्मक साक्षरता, प्लेटफर्महरूमाथि थप जवाफदेहिता, र जिम्मेवार सूचना आदानप्रदानको आवश्यकता छ ।





image source: The Kathmandu Post.

## ४.६.२.

## एआईको अनैतिक प्रयोग

सन् २०२५ मा नेपालमा सार्वजनिक रूपमा भ्रम फैलाउन र आफू अनुकुलका भावनाहरूलाई आकार दिनका लागि एआईको अनैतिक प्रयोग र दुरुपयोग भएको थियो । ५ मार्च २०२६ को निर्धारित चुनावभन्दा अघि डिसेम्बर २०२५ मा सार्वजनिक रूपमा भ्रम फैलाउन र भावनाहरूलाई हेरफेर गर्नका लागि 'छवि-उत्पादक' (Image Generative) एआईको बढ्दो प्रयोग भएको थियो । उदाहरणका लागि, एआई-उत्पादित एउटा भिडियोले एमाले नेता प्रदीप ज्ञवालीलाई पार्टीको राष्ट्रिय महाधिवेशनमा रोइरहेको देखायो, जुन भ्रमक थियो । त्यसैगरी, एउटा नक्कली तस्बिरमा एमाले अध्यक्ष केपी शर्मा ओली र लोक गायिका ज्योति मगरले चुम्बन गरिरहेको चित्रण गरिएको थियो । अर्को एक डीपफेक भिडियोले नेकपा (एमाले) का सचिव महेश बस्नेतको भाषणबाट वास्तविक अडियोको दुरुपयोग गरि उनको बदनाम गर्ने उद्देश्यसहित परिवर्तित भिडियोहरू सम्पादन गरिएको थियो । यी घट्नाहरू राजनीतिक उद्देश्यहरू प्राप्त गर्नका लागि गरिएका तस्बिरमा आधारित यौन दुर्व्यवहारका केही उदाहरण हुन् । एआई-उत्पादित सामग्री अझ यथार्थपरक बन्दै जाँदा, यसलाई वास्तविक सामग्रीबाट छुट्याउन झन गाह्रो हुँदै गएको छ । यी घटनाक्रमहरूले विशेष गरी कानुन प्रवर्तन जस्ता संवेदनशील र उच्च जोखिमका क्षेत्रहरूमा एआई उपकरणहरूको प्रयोगमा बढ्दो सावधानीको आवश्यकतालाई संकेत गर्दछ ।

**एमाले नेता प्रदीप ज्ञवाली रुदै गरेका भिडियोको वास्तविकता के हो ?**

भाइरल भएको भिडियो गत मंसिर ३ गते प्रधानमन्त्रीसँगको छलफलपछि बाहिरिने क्रममा खिचिएको हो । यसलाई एआई प्रविधि प्रयोग गरेर हालको घटनासँग जोडेर प्रस्तुत गरिएको पाइयो ।

पुस १, २०८२ | दया दुद्राज



Image source: Ekantipur.com

**एमाले अध्यक्ष ओली र ज्योति मगरको 'चुम्बन' तस्बिर नक्कली, एआई दुरुपयोग गरी भ्रामक प्रचार**

टेकपाना पुस ३, २०८२ १५:३९



image source: TechPana

**एमाले सचिव महेश बस्नेतको 'चिपफेक' भिडिओ भाइरल, चरित्रहत्या गर्नेलाई हुनसक्छ ५ वर्ष जेल सजाय**

टेकपाना पुस ११, २०८२ १८:३८



image source: TechPana

# 5

# सुझावहरू

1. नेपालले डाटा सङ्कलन, प्रशोधन, प्रयोगकर्ताको सहमति र दुरूपयोग विरुद्धका सुरक्षा उपायहरूका स्पष्ट नियमहरू सहितको एक विस्तृत र प्रयोगकर्ता-मैत्री डाटा सुरक्षा कानुन जारी गर्नुपर्छ ।

2. प्रविधिलाई मात्र अपराधीकरण गर्नुको साटो पुनर्स्थापकीय न्याय र तत्काल सामग्री हटाउने कार्यमा केन्द्रित भई एआई-सिर्जित हानीहरू (जस्तै सहमति बिनाको डीपफेक ) विरुद्ध कानुन बनाउनुपर्छ ।

3. अभियन्ता, पत्रकार र सीमान्तकृत समुदायको अभिव्यक्ति स्वतन्त्रतालाई स्पष्ट रूपमा संरक्षण गर्नुपर्छ र विद्युतीय कारोबार ऐनमा रहेका अस्पष्ट नैतिकताका प्रावधानहरु महिलावादी असहमतिलाई दबाउन प्रयोग नहुने गरि सुनिश्चित गर्नुपर्छ ।

4. सरकारको अत्यधिक निगरानीका साथै सामग्रीमाथिको स्वेच्छाचारी नियन्त्रणलाई रोक्नुपर्छ ।

5. मिडिया र डिजिटल सामग्रीसँग सम्बन्धित मुद्दाहरू सम्बोधन गर्न एक स्वतन्त्र संयन्त्र वा निकाय स्थापना गर्नुपर्छ ।

6. आधुनिक साइबर सुरक्षा पूर्वाधारमा लगानी, विशेष साइबर अपराध इकाइहरू निर्माण र साइबर अपराधलाई नियमन गर्न अन्तर-निकाय समन्वयको विकास गर्नुपर्छ ।

7. डाटामा विदेशी नियन्त्रणलाई रोक्दै संवेदनशील सूचनाको सुरक्षाका लागि सुरक्षित डाटा व्यवस्थापन प्रणाली र राष्ट्रिय डाटा केन्द्रहरू स्थापना गर्नुपर्छ ।

8. साइबर अपराध, उत्पीडन र अनलाइन दुर्व्यवहारका लागि द्रुत गति (फास्ट ट्र्याक),

पीडित-केन्द्रित र प्रयोगकर्ता-मैत्री उजुरी तथा प्रतिक्रिया संयन्त्र सुनिश्चित गर्नुपर्छ ।

9. डिजिटल अधिकारसँग सम्बन्धित निर्णय प्रक्रिया र नीति निर्माणमा महिला, अल्पसंख्यक, सीमान्तकृत समुदाय, नागरिक समाज र पत्रकारहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्छ ।

10. साइबर सुरक्षा, डिजिटल सुरक्षा र डिजिटल सुशासन नीतिहरूमा लैङ्गिक समावेशी, महिलावादी र अन्तरसम्बन्धी दृष्टिकोणलाई प्रवर्द्धन गर्नुपर्छ ।

11. अनलाइन सुरक्षा, सूचित सहमति, मिथ्या सूचना पहिचान र नैतिक अनलाइन संलग्नतामा केन्द्रित भई देशव्यापी रूपमा आलोचनात्मक डिजिटल साक्षरता कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

12. अन्तरदेशीय साइबर अपराध र डिजिटल ठगी गतिविधिहरू विरुद्ध लड्न सीमापार सहयोग तथा समन्वय सुनिश्चित गर्नुपर्छ ।

13. कुशल, जवाफदेही, पारदर्शी, समावेशी र उत्तरदायी डिजिटल सुशासन सुनिश्चित गर्न विद्यमान संस्थागत ढाँचाहरूमा सुधार गर्नुपर्छ ।

# ६

# निष्कर्ष

निष्कर्षमा, यस प्रतिवेदनले सन् २०२५ मा डिजिटल अधिकारको क्षेत्रमा अभिलेख गरिएका मुख्य गतिविधिहरूलाई प्रस्तुत गरेको छ । प्रतिवेदनले डिजिटल अधिकारका मुद्दाहरूको विकासलाई पहिचान गर्दछ, तिनीहरूसँग सम्बन्धित चुनौतीहरू पत्ता लगाउँदछ, मिडियाले तिनीहरूलाई कसरी रिपोर्ट गरेका छन् भन्ने अन्वेषण गर्दछ, कमीहरूलाई रेखांकित गर्दछ र तिनीहरूलाई सम्बोधन गर्न मार्गदर्शन प्रदान गर्दछ । हाम्रो उद्देश्य डिजिटल क्षेत्रमा समानता, अखण्डता, गोपनियता र सुरक्षा सुनिश्चित गर्नु हो । यो प्रतिवेदन सबैका लागि समान पहुँच र सुरक्षाको सुनिश्चिततासँग तादाम्यता मिलाएर तयार गरिएको छ । यसले डिजिटल अधिकारको प्रभावकारी कार्यान्वयन र संरक्षणका लागि आवश्यक उपायहरूलाई समेत औंल्याएको छ ।

**यस प्रतिवेदनमा विश्लेषण गरिएका मिडिया कभरेज देहायका सञ्चारमाध्यमहरूबाट लिइएको हो :**

द काठमाडौं पोस्ट, टेकपाना, रातोपाटी, कान्तिपुर, अनलाइनखबर, नेपाल प्रेस, शिलापत्र, गोरखापत्र, बीबीसी न्यूज, देश सञ्चार, नागरिक न्यूज, आईसीटी समाचार, आईसीटी फ्रेम, नेपाल लाइभ, हिमाल प्रेस, सेतोपाटी, नयाँ पत्रिका, थाहाखबर, बाह्रखरी, द राइजिङ नेपाल, द हिमालयन टाइम्स, नेपाल खबर, विजनेस न्यूज, उकेरा, जस नेपाल, ग्लोबल नागरिक, खबरहब, अनलाइन पत्रिका, नागरिक दैनिक, द फारसाइट, रिपब्लिका, अन्नपूर्ण पोस्ट, क्लिकमाण्डु, नेपाल फ्याक्ट चेक, टेक्नोलोजी खबर, राजधानी दैनिक, कलाकार्मी, नेपाल लाइभ, लोकान्तर

**अनुसन्धानकर्ता**
स्मृति रानाभाट

**सह-अनुसन्धानकर्ता**
नुभा राई

**भाषा सम्पादक**
सिद्धार्थ गुभाजु

**कभर तथा लेआउट डिजाइन**
रोजन घिमिरे

**कभर चित्रण**
मोनिषा चौधरी

**प्रकाशक**
बडी एण्ड डेटा (Body & Data)

**सहयोग**
भिजन फर चेन्ज (Vision for Change)

© २०२६ बडी एण्ड डेटा। सर्वाधिकार सुरक्षित।

एक महिलावादी पारिस्थितिक प्रणाली (feminist ecosystem) निर्माण गर्ने हाम्रो यात्रामा हामीसँगै जोडिनुहोस्!
फेसबुक | इन्स्टाग्राम | ब्लुस्काई | एक्स (Twitter)
**@bodyanddata**

सबैका लागि पहुँचयोग्य, सुरक्षित र न्यायपूर्ण डिजिटल माध्यमका लागि बडी एण्ड डेटा।
communication@bodyanddata.org
bodyanddata.org







# मिडिया अनुगमनको वार्षिक अध्ययन प्रतिवेदन, २०२५

## बडी एण्ड डेटा

Body & Data

सबैका लागि पहुँचयोग्य, सुरक्षित र न्यायपूर्ण डिजिटल माध्यमका लागि बडी एण्ड डेटा।

communication@bodyanddata.org
www. bodyanddata.org